बारा जिल्ला अदालत

## वार्ता द्धारा कपडा लिलाम बिक्री गर्ने सम्बन्धी जरुरी सुचना

सुचना प्रकाशन मिति २०८१।०३।१२

ईलाका प्रहरी कार्यालय सिमराको प्र.नि. शुभाष हमाल समेतको प्रतिवेदनले नेपाल सरकार र प्रतिवादी सरोज राउत कुर्मी समेत भएको राजस्व चुहावट(०७८-FJ-०००६) मुद्दामा दशी स्वरुप दाखिल हुन आई यस अदालतमा जिन्सी लगत नं.३९४ मा आम्दानी बाँधिएका निम्न कपडाहरु जे- जती थान जे-जस्तो अवस्थामा छन सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) आर्थिक ऐन नियम समेत बमोजिम डाँक बढावढद्वारा एकमुष्ट लिलाम बिक्री गरिने भएकोले इच्छुक ब्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागि अह्वान गरी मिति २०८१।०१।१४ गतेमा प्रथम पटक र मिति २०८१।०२।०२ मा दोस्रो पटक सुचना प्रकाशित गर्दा समेत निर्धारित समय र मितिमा कोही कसैको दर्खास्त पर्न नआएकोले उक्त कपडाहरु लिलाम हुन नसकेकोले जिल्ला अदालत नियमावली, २०७५को उपनियम (११) तथा आर्थिक ऐन नियम समेत बमोजिम कानूनले तोकेको विभिन्न कार्यालयका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ताद्धारा एकमुष्ट लिलाम बिक्री गरिने भएकोले ईच्छुक ब्यक्ति तथा फर्महरुबाट देहायका शर्तहरुको अधिनमा रही लिलामको लागी यो सुचना अह्वान गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### जिन्सी सामानहरुको विवरण

| क्र.सं. | लगत नं. | मुद्दा | मुद्दा नं. | जिन्सी समानको विवरण | एकमुष्ट कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३९४ | राजस्व चुहावट | ०७८-FJ-०००६ | सुटिङ्ग कपडा २००४ मिटर | रु.१०,०२,०००।-(दश लाख दुई हजार रुपैया) | |

तहसिलदार
रा.प. तृतीय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | ऐ. | ऐ. | ऐ. | कुर्ता सलवार १३३१ थान | रु.६,६५,०००।-(छ लाख पैसठ्ठी हजार् रुपैया) | |
| ३. | ऐ. | ऐ. | ऐ. | सुती साडी थान-१५० | रु.४५,०००।-(पैतालिस हजार रुपैया) | |
| ४. | ऐ. | ऐ. | ऐ. | लहैङ्गा ५३ थान | रु.१,०६,०००।-(एक लाख छ हजार रुपैया) | |
| | | | | **जम्मा कायम मोल** | **रु.१८,१८,०००।- (अक्षरेपी अठार लाख अठार हजार रुपैया)** | |

**१.वार्ताद्धारा लिलामद्वारा बिक्री गरिने मिति, समय र स्थानः-** २०८१ साल असार महिना २७ गते बिहिबार दिउँसो ३:०० बजे देखि ५:०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

२.वार्ताद्धारा लिलाममा सहभागी हुन चाहने ब्यक्ति वा संस्थाले मिति २०८१।०३।२६ गते दिउँसो कार्यालय समय सम्म ब्यक्तिको लागी नेपाली नागरिकताको प्रमाणपत्र र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु.१०००।– (एक हजार) फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा बुझाउनु पर्नेछ ।

३.निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने ब्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४.वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयभित्र एउटा मात्र ब्यक्ति वा फर्म उपस्थित भए वार्ताद्धारा कायम मुल्य गरिने र एक भन्दा वढी ब्यक्ति वा फर्म उपस्थित भएमा सहभागीहरुका बिचमा लिलाम बढाबढको प्रक्रिया अपनाईनेछ। सो प्रक्रियामा सबै भन्दा बढी अंक कबुल गर्ने ब्यक्ति वा संस्थालाई लिलाममा चढाईएका कपडाहरु बिक्री गरिनेछ ।

तहसिलदार
रा.प. तृतीय

५.वार्ता (लिलाम) मा आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्नेछ । वार्ता लिलाम सम्पन्न भएपछी डाँक सकार गरिलिने ब्यक्ति वा फर्मले ७ दिन भित्र आफुले कबोल गरेको मुल्यको १३ प्रतिशत हुने मुल्य अभिवृद्धि कर र बाँकी रकम दाखिला गरी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सामान उठाई लैजानु पर्नेछ । ७ दिन भित्र आफुले कबोल गरेको रकम र मुल्य अभिवृद्धि कर दाखिला नगरेमा १० प्रतिशत रकम कानून बमोजिम जफत हुनेछ ।

६. लिलाम सम्मपन्न हुदाँ सबभन्दा वढी अंक कबोल गर्ने ब्यक्ति वा फर्मको बाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ ।

७. यस सम्बन्धि थप जानकारी लिनु परे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ ।

८.लिलाम सकार गरेको समान जे जति थान जे- जस्तो अवस्थामा सोही अवस्थामा लिई जाने र ओसार पसार गर्दा लाग्ने खर्च लिलाम सकारकर्ता स्वयंमले तिर्नु पर्नेछ।

तहसिलदार
रा.प. तृतीय